नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## संस्कृति महाशाखा

सिंहदरबार

# राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार सम्बन्धी सूचना

चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका विधामा एक-एक लाख रुपैयाँको **राष्ट्रिय प्रतिभा पुरस्कार** र प्रत्येक विधामा सात वटा प्रदेशबाट एक-एक जनालाई रु ५० हजारको दरले **प्रादेशिक प्रतिभा पुरस्कार** प्रदान गरिने हुँदा राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कारको लागि देहायको विधा र क्षेत्रमा उदाहरणीय कार्य गरी राष्ट्रका लागि योगदान दिएका व्यक्ति तथा संस्थाहरुले निम्न प्रकिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस मन्त्रालयको संस्कृति महाशाखामा विवरण पेश गर्न आह्वान गरी यो सूचना प्रकाशित गरिएको छ ।

**१. पुरस्कारका मूल विधा र क्षेत्र**

| **मूल विधा** | **क्षेत्र** |
|---|---|
| क) संस्कृति | संस्कृति, इतिहास, पुरातत्व, समाजशास्त्र, मानवशास्त्र, लोकवार्ता, |
| ख) संगीत तथा नाट्य | नाट्य, संगीत, नृत्य |
| ग) ललितकला | चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला |
| घ) भाषा एवंम् साहित्य | राष्ट्रभाषाहरुको अध्ययन अनुसंन्धान र तिनमा लेखिएका काव्य, कविता, आख्यान, निबन्ध, नाटक, समालोचना । |

**२. सिफारिस प्रकिया :**

क) प्रतिभा पुरस्कारका लागि सम्वन्धित विधाको कृति संलग्न राखी संस्थागत वा व्यक्तिगत रुपमा विवरण पत्र दिन सक्ने छन् ।

ख) प्रतिभा पुरस्कारको लागि विवरण फारम मन्त्रालयको Website: **www.tourism.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

**३. संलग्न गर्नु पर्ने विवरण र कागजातहरु:**

क) व्यक्ति / संस्थाको विवरण : नाम सम्पर्क ठेगाना, ईमेल, मोबाइल नम्बर,बायोडाटा,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

ग) पासपोर्ट साइजको २ प्रति फोटो,

घ) प्रकाशित उत्कृष्ट कृतिहरु (एक प्रति) तथा अन्य सामग्रीको विवरण,

ङ) अन्य सामग्री, प्रकाशन, कागजातहरु भए सो समेत ।

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार सम्बन्धी सूचना

नेपाल सरकारको मिति २०७५।०२।१३ को निर्णय बमोजिम स्थापना भएको गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार आ.व. २०७७/७८ मा देहायको विधामा प्रदान गरिने हुंदा गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कारको लागि देहायका क्षेत्रका व्यक्ति तथा संस्थाहरूले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र स्रष्टाको विशेष क्षेत्र किटान गरी यस मन्त्रालयको संस्कृति महाशाखामा आवेदन वा सिफारिस पेश गर्न आह्वान गरिन्छ । मापदण्ड तथा कार्यविधि यस मन्त्रालयको Website **www.tourism.gov.np** मा राखिएको छ । पुरस्कार सम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको फोन नं.०१-४२११९० ९,०१४२११५९६ बाट प्राप्त गर्न सकिने छ ।

**१. गोपाल प्रसाद रिमाल राष्ट्रिय पुरस्कार:**

**क) कविता:** यस विषयक्षेत्र अन्तर्गत स्फुट कविता र प्रवन्ध काव्यका साथै लामो कविता, गीति कविता, गजल आदि छन्दोवद्ध र छन्दमुक्त पद्य रचना पर्दछन् ।

**ख) नाटक:** यस विषयक्षेत्र अन्तर्गत नाटक, लघुनाटक विधासँग सम्वन्धित रचनाहरू पर्दछन ।

**२. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण र कागजातहरू:**

क) व्यक्ति / संस्थाको विवरण : नाम सम्पर्क ठेगाना, ईमेल, मोबाइल नम्वर, बायोडाटा,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो,

ग) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (सम्भव भए कृतिहरू सहित),

घ) अन्य सामग्री, प्रकाशन, कागजातहरु भए सो समेत ।

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## संस्कृति महाशाखा

सिंहदरबार

# भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार सम्बन्धी सूचना

चालु आ.व. २०७७/७८ को **भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार** का लागि देहाय वमोजिमको विषयगत क्षेत्रमा योगदान पुऱ्याएका जम्मा तीन जना व्यक्ति वा संस्थाहरुलाई **भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार** समर्पण गरिने भएकोले व्यक्ति वा संस्थाको नाम चयनका लागि सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस मन्त्रालयको संस्कृति महाशाखामा प्राप्त हुने गरी विषयक्षेत्र किटान गरी पुरस्कारका लागि योग्य व्यक्ति वा संस्थाको विवरण सहित विवरण वा सिफारिस आव्हान गरी यो सूचना प्रकाशित गरिएको छ। पुरस्कारको लागि आवेदन फारमको नमूना यस मन्त्रालयको सूचना पाटी तथा वेभसाइट Website **www.tourism.gov.np** मा राखिएको छ।

**१. पुरस्कारको विषयगत क्षेत्रहरू**

क) राजनीतिक, सामाजिक, शैक्षिक र सांस्कृतिक क्षेत्र,

ख) दलित मुक्ति आन्दोलनको क्षेत्र,

ग) समाज सुधार अभियानको क्षेत्र,

घ) मानव अधिकारको क्षेत्र,

ङ) सीप, कला, शिक्षा साहित्य, संस्कृति, लेखन तथा अध्ययन अनुसन्धानको क्षेत्र।

**२. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण र कागजातहरू:**

क) व्यक्ति/संस्थाको विवरण : नाम सम्पर्क ठेगाना, ईमेल, मोबाइल नम्बर, बायोडाटा,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो,

ग) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (सम्भव भए कृतिहरू सहित),

घ) अन्य सामग्री, प्रकाशन, कागजातहरु भए सो समेत।

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## संस्कृति महाशाखा

सिंहदरबार

## पुष्पलाल राष्ट्रिय पुरस्कार सम्बन्धी सूचना

चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका विधामा एक-एक लाख रुपैयाको **"पुष्पलाल राष्ट्रिय पुरस्कार"** प्रदान गरिने हुँदा पुष्पलाल राष्ट्रिय पुरस्कारको लागि देहायका तीन क्षेत्रका व्यक्ति तथा संस्थाहरूले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र स्रष्टाको विशेष क्षेत्र किटान गरी यस मन्त्रालयको संस्कृति महाशाखा वा पुष्पलाल स्मृति प्रतिष्ठान किर्तिपुर-८, चम्पादेवी काठमाडौंमा आवेदन /सिफारिस पेश गर्न आह्वान गरिन्छ । मापदण्ड तथा कार्यविधि यस मन्त्रालयको Website **www.tourism.gov.np** मा राखिएको छ । पुरस्कार सम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको फोन नं.०१-४२११९०९,०१४२११५९६ वा पुष्पलाल स्मृति प्रतिष्ठानको फोन नं. ४३३२०७७ बाट प्राप्त गर्न सकिने छ ।

**१. पुरस्कारका विषयगत क्षेत्र**

**क) राजनीतिक/ सैद्धान्तिक**

मुलुकमा प्रगतिशील राजनीतिक परिवर्तनका निम्ति गरिएका महत्वपूर्ण योगदान तथा पुष्पलालले अगाडि सारेका राजनीतिक सिद्धान्त एवम् कार्यक्रमहरूको कार्यान्वयनका निम्ति विशेष योगदान एवम् सहयोग र राजनीतिशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, अर्थशास्त्र विषयमा खोज अनुसन्धान र लेखन कार्य मार्फत नेपाली समाजको प्रगतिशील परिवर्तनका निम्ति गरिएका महत्वपूर्ण योगदानहरू यस विषय क्षेत्र अन्तर्गत पर्दछन् ।

**ख) इतिहास :**

नेपाली समाजको इतिहास, नेपालका राजनीतिक आन्दोलनहरूको इतिहास र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास सम्बन्धी खोज अनुसन्धान र लेखन कार्य मार्फत गरिएका योगदानहरू यस विषय क्षेत्र अन्तर्गत पर्दछन् ।

**ग) साहित्य, संस्कृति र विज्ञान :**

प्रगतिशील साहित्य सिर्जना र नेपाली समाजका सास्कृतिक पक्षको खोज अनुसन्धान तथा लेखन र विज्ञान प्रविधिको क्षेत्रमा गरिएका खोज अनुसन्धान एवम् लेखन कार्यहरू यस विषय क्षेत्र अन्तर्गत पर्दछन् ।

**२. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण वा कागजातहरु:**

क) व्यक्ति / संस्थाको विवरण : नाम, सम्पर्क ठेगाना, ईमेल, मोबाइल नम्बर, बायोडाटा,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो,

ग) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (सम्भव भए कृतिहरू सहित) पेश गर्ने,

घ) अन्य सामग्री, प्रकाशन, कागजातहरु भए सो समेत ।

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## संस्कृति महाशाखा

सिंहदरबार

## महाकवि देवकोटा पुरस्कार सम्बन्धी सूचना

चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम देहायका विधामा एक-एक लाख रुपैयाको **"महाकवि देवकोटा पुरस्कार"** प्रदान गरिने हुँदा महाकवि देवकोटा पुरस्कारको लागि देहायका क्षेत्रका व्यक्ति तथा संस्थाहरूले निम्न प्रक्रिया बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र स्रष्टाको विशेष क्षेत्र किटान गरी यस मन्त्रालयको संस्कृति महाशाखामा आवेदन वा सिफारिस पेश गर्नु हुन आव्हान गरिन्छ । मापदण्ड तथा कार्यविधि यस मन्त्रालयको Website **www.tourism.gov.np** मा राखिएको छ । पुरस्कार सम्बन्धी विस्तृत जानकारी यस मन्त्रालयको फोन नं. ०१-४२११९०९ र ०१-४२११५९६ बाट प्राप्त गर्न सकिने छ ।

**१. पुरस्कार विषय क्षेत्र**

**क) कविता:** यस विषयक्षेत्र अन्तर्गत स्फुट कविता र प्रवन्ध काव्यका साथै लामो कविता, गीति कविता, गीत, गजल आदि छन्दोवद्ध र छन्दमुक्त पद्य रचना पर्दछन् ।

**ख) निवन्धः** यस विषयक्षेत्र अन्तर्गत ललित भावात्मक निवन्ध, प्राज्ञिक विश्लेषणात्मक तथा अनुसन्धानमुलक समालोचना, वस्तुगत र तार्किक लेख, नियात्रा, संस्मरण, आत्मकथा, अर्न्तवार्ता, निवार्ता, आत्मालाप, वार्तालाप आदि पर्दछन् ।

**ग) गद्याख्यान /नाटक :** यस विषयक्षेत्र अन्तर्गत कथा, उपन्यास लघुनाटक र नाटक पर्दछन् ।

**घ) बालसाहित्य /लोकसाहित्य :** यस विषयक्षेत्र अन्तर्गत बालबालिकाहरुका निम्ति उपयोगी कविता, नाटक, आख्यान, निवन्ध, जीवनी, आत्मकथा, नियात्रा र संस्मरणका साथै तिनका बारेमा गरिएको अध्ययन अनुसन्धान पर्दछन् । त्यसैगरी यस विषयक्षेत्र अन्तर्गत लोकसाहित्यिक सामग्रीको संकलन, संम्पादन, गायन, वाचनका साथै तिनको अनुसन्धान पनि पर्दछन ।

**ङ) भाषा साहित्य सेवा :** यस विषयक्षेत्र अन्तर्गत नेपाली लगायत नेपालका भाषाहरु र तिनका साहित्यको संरक्षण तथा सम्वर्द्धनका निम्ति सेवारत व्यक्ति तथा संस्थाद्धारा गरिएका सिर्जनात्मक एवं बौद्धिक, प्राज्ञिक, अनुसन्धानमूलक कार्य र अनुवाद तथा साहित्यिक पत्रकारिता आदि पर्दछन ।

**२. आवेदन दिंदा वा सिफारिस गर्दा संलग्न राख्नु पर्ने विवरण तथा कागजातहरुः**

क) व्यक्ति र संस्थाको विवरणः नाम सम्पर्क ठेगाना, इमेल, मोबाइल नम्बर, बायोडाटा,

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

ग) पासपोर्ट साइजको २ प्रति फोटो,

घ) प्रकाशित उत्कृष्ट कृतिहरूको विवरण (सम्भव भए कृतिहरू सहित),

ङ) अन्य सामग्री, प्रकाशन,कागजातहरु भए सो समेत ।